# अनुसूची २

दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित


# गलकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड- ७ संख्या- ६ मितिः २०८१/०८/२५


## भाग २

## गलकोट नगरपालिकाको

## जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८०

# गलकोट नगरपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि-२०८०

**संशोधन** **प्रकाशन मिति**

१. गलकोट नगरपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण (पहिलो संशोधन) कार्यविधि २०८०[β] २०८१/०८/२५

**प्रस्तावनाः**

गलकोट नगरपालिकाक्षेत्र भित्रको खोला, ताल तलैया, सीमसार, जलचर, जलीय जैविक विविधताको संरक्षण गर्न, जलचर एवं जलीय जैविक विविधताको संरक्षण तथा दिगो उपयोग गर्न, जलस्रोत तथा जलचरमा आश्रित समुदाय बीचको अध्यात्मिक तथा साँस्कृतिक अन्तर (सम्बन्ध तथा अन्तउर निर्भरता समेत सुदृढ गर्न तथा जलचरमाउ आधारित जीविकोपार्जनको प्रबर्द्धन तथा व्यवस्थापन गरी आम नागरिकको सुविधा र आर्थिक हितको सम्बर्धनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, गलकोट नगरपालिका नगरकार्यपालिकाको बैठकबाट नेपालको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम " गलकोट नगरपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"प्रमुख"** भन्नाले गलकोट नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) **"औजार"** भन्नाले जलचरलाई समाउन, पक्रन, मार्न वा संकलन गर्न प्रयोग हुने सबै किसिमका औजार, उपकरण, साधन वा सामग्री,विष्पोटक पदार्थ तथा माहाजाल, करेन्ट जाल, बल्छी,
साधारण जाल, खुकुरी, भाला, दुवालो थुन्ने, पहाई टेक्ने, लुकाई मार्ने, तिर कोच्ने, घन र मेशीन समेत सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले गलकोट नगरकार्यपालिका सम्झनुपर्छ ।

(घ) **"कोष"** भन्नाले यस कार्यविधिको दफा २६ बमोजिम स्थापना भएको सामुदायिक जलचर संरक्षण समूहका कोष सम्झनु पर्छ ।

(ङ) **"नगरपालिका"** भन्नाले गलकोट नगरपालिका सम्झनु पर्छ ।

(च) "**जलचरमा आश्रित व्यक्ति वा समुदाय"** भन्नाले खोलानाला, ताल, तलैया, सिमसारमा रहेका जलचरमा आंशिक वा पूर्ण रुपमा आधारित भई जीविकोपार्जन गर्ने समुदाय वा व्यक्ति सम्झनु पर्छ ।

(छ) **"जलचर"** भन्नाले जलभित्र बस्ने जुनसुकै जीव सम्झनुपर्छ ।

(ज) **"जलीय जीव"**भन्नाले जलभित्र रहने वा पाईने जुनसुकै जीव र वनस्पती सम्झनु पर्छ ।

(झ) **"जलचर संकलन"** भन्नाले जलभित्र बस्ने जुनसुकै जीव समाउने, पक्रने, मार्ने वा संकलन गर्ने कार्य सम्झनुपर्छ।

(ञ) **"जलीय जैविक विविधता"** भन्नाले खोला, सिमसार वा तालमा रहने जीवहरुको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरु बीचको अन्तरसम्वन्ध एवं प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुमा पाइने विविधता र तिनीहरुको संयोजनलाई सम्झनु पर्छ र सो शव्दले आनुवंशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातीय वा प्रजातीय वा प्रजातिगत (भेराइटलर स्पेसिस) विविधता र पारिस्थितिक प्रणालीको विविधता (इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ ।

(ट) **"ताल"** ताल भन्नाले कुण्ड, पोखरी, ताल, दह, तलाउ, प्राकृतिक वा कृत्रिम जलाशय, सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज) तथा माछा पालन गरेको धान खेत समेतसम्झनु पर्छ ।

---

[β] यो कार्यविधि २०८१ साल मंसिर ०६ गते देखि प्रारम्भ भएको ।

(ठ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि बमोजिम बनेको ………………✂कार्यविधि⁰ मा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) **"दिगो उपयोग"** भन्नाले जलचर र जलीय जैविक विविधता एवं जलीय जैविक विविधताका अवयवहरुको उपयोगबाट जलचर र जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरु दीर्घकालिन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहन सक्ने तथा दीर्घकालीन रुपमा संचिति कायम गर्न सक्ने सीमा भित्र रहने गरी गरिएको सदुपयोग सम्झनु पर्छ ।

(ढ) **"खोला"** खोला भन्नाले खोला, , खोला, नाला, खहरे, नहर, कुलो, मुल र तिनीहरुको स्रोत मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज) समेत सम्झनु पर्छ ।

(ण) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गलकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(त) **"मत्स्य भऱ्याङ (फिस ल्याडर)"** भन्नाले जलचरको आवागमनका लागि खोला, वा तालमा राखिएको वैकल्पिक बाटो सम्झनु पर्छ ।

(थ) **"मिचाहा प्रजाति"** भन्नाले जलीय वनस्पति वा जलचरको कुनै त्यस्तो प्रजाती जुन स्थान विषेश वा पारिस्थितिकीय प्रणालीको रैथाने प्रजाती नभई, तिब्र प्रजनन् र छिटो फैलन सक्ने क्षमता र प्रकृति वागुणको कारणले आफनो प्राकृतिक बिगत वा हालको बासस्थान भन्दा बाहिरको स्थान विषेश वा पारिस्थितिकीय प्रणालीमा स्थापित भै जैविक विविधता, वातावरण, आर्थिक कृयाकलाप र मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पार्ने वा पार्न सक्ने प्रजाती सम्झनु पर्छ ।

(द) **"लाभको समन्यायिक वितरण"** भन्नाले सामुदायिक खोला वा तालको संरक्षण, व्यवस्थापन, दिगो उपयोग तथा माछा तथा अन्य जलचरको विक्रि वितरण, पर्यापर्यटन जस्ता माध्यमबाट प्राप्त लाभको महिला, दलित, आदिवासी जनजाति तथा विपन्न सदस्यलाई समन्यायिक रुपमा वितरण गरिने लाभ सम्झनु पर्छ ।

(ध) "**वडा कार्यालय** " भन्नाले गलकोट नगरपालिकाको वडा सम्झनु पर्छ ।

(न) "**विधान**" भन्नाले सामुदायिक जलचर संरक्षण समूहको विधान सम्झनु पर्छ ।

(प) ''**समिति"** भन्नाले यस कार्यविधिको दफा २१ बमोजिम गठन भएको सामुदायिक जलचर संरक्षण समुहको कार्यसमिति सम्झनु पर्छ ।

(फ) **"सभा"** भन्नाले गलकोट नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(ब) **"समूह"** भन्नाले सामुदायिक खोला वा तालको संरक्षण, व्यवस्थापन तथा दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न दफा २१ बमोजिम दर्ता भएको समूह सम्झनु पर्छ ।

(भ) **"सामुदायिक खोला"** भन्नाले सामुहिक हितको लागि खोला,वा खोलानालाको विकास, संरक्षण र दिगो उपयोग गर्न दफा २१ बमोजिम समुदायलाई गलकोट नगरपालिकाले सुम्पिएको वा हस्तान्तरण गरेको खोला, र खोलानाला सम्झनु पर्छ ।

(म) **"सामुदायिक ताल"** भन्नाले सामुहिक हितको लागि ताल, तलैया, पोखरी, दह वा सिमसारको विकास, संरक्षण र उपयोग गर्न दफा २१बमोजिम समुदायलाई सुम्पिएको वा हस्ताँतरण गरिएको ताल, तलैया, पोखरी, दह र सिमसार सम्झनु पर्छ ।

(य) **"सामुदायिक जलचर संरक्षण समूह"** भन्नाले सामुदायिक खोला, खोलानाला, वा ताल, सिमसारको संरक्षण, व्यवस्थापन तथा दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न दफा २१ बमोजिम दर्ता भएको समूह सम्झनु पर्छ ।

## परिच्छेद २
## जलचर संरक्षण सम्बन्धी व्यवस्था

**३.स्थानीय खोला वा तालमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने :** (१)नगरपालिकाबाट अनुमति, हक, छुट, सुविधा, पट्टा वा पूर्जी वा प्रमाण पत्र प्राप्त गरी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा समूहलाई नगरपालिकाको क्षेत्र भित्रको खोला, ताल, तलैया, पोखरी र सिमसारमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन ।

(२)नगरपालिकाबाट अनुमति, हक, छुट, सुविधा, पट्टा वा पूर्जी वा प्रमाण पत्र प्राप्तिको लागि कुनै व्यक्ति वा समूहले अनुसूची-१ को ढाँचामा आवश्यक कागजात सहित निवेदन दिनु पर्नेछ। ⁰व्यक्तिको हकमा अनुसूची ४ बमोजिमको ढाँचामा आवश्यक

---

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

⁰ पहिलो संशोधनद्वारा थप ।

⁰ पहिलो संशोधनद्वारा थप ।

कागजात सहित निवेदन दिनुपर्ने र अनुसूची ५ बमोजिमको स्व घोषणा पेश गरी कार्यपालिकाले तोकेको राजश्व तिरेपछी अनुसूची ६ बमोजिमको जलचर उपयोग इजाजतपत्र प्रदान गर्न सकिनेछ ।

(३) अनुमति, हक, छुट, सुविधा, पट्टा वा पूर्जी वा प्रमाण पत्र प्राप्तिका लागि निबेदन पर्न आएकोमा सबै प्रकृया र कागजात पुगेमा संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा प्रमाण-पत्र दिनु पर्नेछ। सोहि प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएका विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नु पर्नेछ, ।

(४)अनुमति, हक, छुट, सुविधा, पट्टा वा पूर्जी वा प्रमाण पत्र प्राप्तिमा लाग्ने शुल्क र दस्तुर नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(५)प्रत्येक वर्ष अनुमति, हक, छुट, सुविधा, पट्टा वा पूर्जी वा प्रमाण पत्र प्राप्त गरेका फर्म वा व्यक्तिहरुले आषाढ मसान्त भित्र नगरपालिकामा अनिवार्य नविकरण गराउन पर्नेछ ।

(६) गलकोट नगरपालिका क्षेत्र भित्रको खोला मार्न निषेध गरिएको सूचना अनुसूची ३ बमोजिमको हुनेछ।

**४. हक हस्तान्तरण गर्न नहुने :** कुनै व्यक्ति वा समूहले स्थानीय खोला वा तालमा आफूले पाएको अनुमति, हक, छुट, सुविधा, सहुलियत, पट्टा वा पूर्जी अरु कसैलाई बिक्री गर्न, बन्धकिमा दिन, दान दिन वा सट्टापट्टा गर्न वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न हुदैन ।

**५.जथाभावी तरिकाले जलचर समाउन वा मार्न नहुने** : (१) कुनै व्यक्तिले कुनै पनि जलचरलाई समात्ने वा मार्ने अभिप्रायले खोला वा तालमाकुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न वा गराउनहुँदैन ।

(२) जलचर समाउने वा मार्ने अभिप्रायले ठुलीमा जालको प्रयोग गर्दा जालको आँखाको आकार (साइज) तीन दशमलव पाँच सेन्टिमिटर (पैंतिश मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) वा सो भन्दा ठूलो प्वाल को जाल, चौथीं, माहाजाल, तथा करेण्ट जाल (गिल नेट) प्रयोग गर्न हुंदैन ।

(३) ठुली बाहेक अन्य वा खोलानालामा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाका आकार (साइज) एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो आँखाको आकार (साइज) र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको आकार (साइज) भएको जाल, चौथीं, महाजाल एवं करेण्ट जाल (गिल नेट)वा मच्छर भ्रुल प्रयोग गर्न हुंदैन ।

(४) जलचर समाउनका लागि घन हान्ने, दुवाली बुज्ने थुन्ने वा फर्काउने, पटेलो थाप्ने, चौदी जाल, पासा थाप्ने, ढोक्सा वा भुक थाप्ने[ф], डोजर जस्ता मेशिाको प्रयोग गरी नदिको धार फर्काउने जस्ता तरीका वा माध्यम प्रयोग गदा माछाका भूरा र माउ माछा समेत सवै साईजका माछा र अन्य जलचर मर्न सक्ने गरी उपरोक्त औजारहरु प्रयोग गर्न तथा रात्रीको समयमा माछा समात्न वा मार्न एवं सहर जस्ता माछाले फूल पार्ने भदौ, असोज, कार्तिक मंसिर[ф] महिनामा कुनै प्रकारले जलचर समाउन वा पक्रन पाईने छैन ।

**६.पैठारी वा खरिद र बिक्रीमा प्रतिबन्ध :** कसैले पनि जलचर समात्न वा मार्नका लागि बिषालु पदार्थ, विषादी, ब्याट्री, जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच सेन्टिमिटर ( पचहत्तर मिलि मिटर) वा सो भन्दा ठूलो आँखाको साइज भएको जाल, चौथी महाजाल, र करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्न वा गराउन पाईने छैन ।

**७. मत्स्य भऱ्याङ, जलचर ह्याचरी वातावरणीय वहाव सम्वन्धि व्यवस्था :** (१) विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने निकायले जलचरको आवागमनमा बाधा पर्न खोलानको लागि सम्भव भएसम्म मत्स्य भऱ्याङ (फिस ल्याडर) निर्माण गर्नु पर्नेछ । मत्स्य भऱ्याङ निर्माण गर्न वैज्ञानिक वा प्राविधिक रुपमा सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्दा कार्यपालिकालाई पूर्व जानकारी दिनु पर्नेछ ।

---

ф पहिलो संशोधनद्वारा थप ।

ф पहिलो संशोधनद्वारा थप ।

(३) उपदफा (१) बमोजिमको बाँध निर्माण र सञ्चालन गर्दा तल्लो तटको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न खोलान सुख्खा याममा खोला वा तालको प्रवाहको कम्तीमा पन्ध्र देखि पच्चिस प्रतिशत न्यूनतम वातावरणीय वहाव (इनभायरोमेन्टल प् रुलो) सुनिश्चित गर्नु पर्नेछ ।

**८. मत्स्य भऱ्याङ तथा संरचनाका ढोका थुन्न वा भत्काउन नहुने :** अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि खोला वा तालमा राखिएका मत्स्य भऱ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकालाई थुन्न वा भत्काउन हुँदैन ।

**९. खोला र ताल प्रदुषित गराउन नपाइने :** कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम निष्कासन गर्नु पर्नेछ र फोहरबाट निस्केको दूषित पानी रसायर (लिचेट) वा ढल खोला वा तालमा चुहावट वा उत्सर्जन गरी खोला वा ताल प्रदूषित गर्न गराउन हुदैन ।

**१०. पालेको माछा, शंखे किरा, झिङ्गे माछा र अन्य जलचर खोला वा तालमा निस्कासन गर्न प्रतिबन्धः**
(१) ताल तलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर खोला, खोलानाला वा सार्वजनिक ताल, तलैया, पोखरी, दह तथा सिमसारमा छाडन वा निस्कासन गर्नु हुँदैन ।
**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि “निष्कासन” भन्नाले माछा, झिङ्गे माछा, शंखे किरा, लगायत अन्य जलचर ल्याएर राख्नु, जम्मा गर्नु वा कुनै हिसावले वा तरिकाले फुत्किएर, फुत्काएर वा बगेर खोला वा तालमा जानु वा निष्कासन हुनु समेतलाई सम्झनु पर्छ ।
(२) कुनै ब्यक्ती, निकाय वा संघ संस्थाले माछा पालनका लागि पोखरी निर्माण गर्दा पोखरीको डिल जमिनको सतहमाथि साधारणतया कम्तीमा पनि एक दशमलव पाँच मिटर अग्लो हुनु पर्ने छ ।

**११. कार्यपालिकाले आदेश जारी गर्न सक्ने :** (१) कार्यपालिकाले सूचना प्रकाशन गरी तोकिएका स्थान, याम, ॠतु, महिनावा खोला वा तालमा कार्यपालिकाको अनुमती विना कुनै पनि व्यक्तिले जलचर समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।
(२) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी माछा तथा अन्य जलचरको संरक्षण सुनिश्चित गर्न खोला वा तालको पुरै वा आंशिक भाग वा कुनै क्षेत्रमा माछा र अन्य जलचर समात्ने, छ मार्ने, संकलन गर्ने वा क्षति हुनसक्ने क्रियाकलापमा प्रतिवन्ध लगाउन सक्नेवा कुनै ताल वा खोला खोलानालाको त्यस्तो क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा तथा कायम गर्न सक्नेछ ।
(३) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास प्रजाति वा महत्वका जलीय स्तनधारी जीव, घस्रने प्राणी, ओत,शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरलाई संरक्षित जीव वा संरक्षित वनस्पति तोक्न सक्नेछ र त्यस्ता संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत जलीय वनस्पति, माछा र अन्य जलचर समात्न, मार्न तथा चोट पुऱ्याउन वा क्षति हुनसक्ने कुनै पनि क्रियाकलापगर्न निषेध हुनेछ ।
(४) उपदफा (१), (२) र (३) बमोजिम प्रकाशित आदेशमा तोकिएका ठाउँ, खोलानालामा रहेका सम्पूर्ण जलचरका सम्बन्धमा कार्यपालिकाको मात्र अधिकार रहने छ ।
(५)नगरपालकिाले जलचर संरक्षण तथा सो बाट प्राप्तहुन सक्ने आयको व्यवस्थापन स्वयं वा कुनै व्यक्ति वा समुहद्धारा गराउन सक्ने छ , यसरी कुनै व्यक्ति वा समुहद्धारा गराउदा पालन गर्नुपर्ने शर्तहरु र बुझाउनु पर्ने राजश्व रकम सम्झौतामा उल्लेख गरिने छ । कुनै व्यक्ति वा समुह दर्ताको निवेदनको ढाँचा , कार्यालयले दिने समूह दर्ताको प्रमाणपत्रको ढाँचा क्रमश अनुसूची १ र २ बमोजिम हुनेछ ।

**१२. नागरिकको कर्तव्य तथा अधिकार :**
(१) जलचर, जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरुको संरक्षण तथा दिगो उपयोग गर्नु प्रत्येक व्यक्ति, समूह, संस्था वा निकायको कर्तव्य हुनेछ ।
(२) खोला वा ताल, सिमसारमा कुनै पनि किसिमबाट मिचाहा प्रकृति वा प्रजातिका जलीय जीव तथा जलचर खोला वा ताल, सिमसारमा निष्कासन वा बिसर्जन हुन रोक्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।
(३) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलिय वनस्पति र जलचरको नागरिकले बिशेष सुरक्षा, संरक्षण एवं सम्बर्द्धन गर्नु पर्नेछ ।

## परिच्छेद २- दफा ३ (क)

## जलचर उपयोग सम्बन्धी व्यवस्था

क. गलकोट नगरपालिकाले स्थतानीय गौदी खोला (गलकोट नगरपालिका वडा नं १ को ढुङ्गे साँघु देखी गलकोट नगरपालिका वडा नं ३ सिमखेतको गौदीदरम दोभान सम्म) र दरमखोला (गलकोट नगरपालिका वडा नं ६ जंगरा र ताराखोला गाउँपालिका वडा नं ३ तरिमको सिमाना देखि गलकोट नगरपालिका वडा नं ११ र वडिगाड गाउँपालिकाको सिमाना सम्म) मा रहेको दफा १० ले प्रतिबन्ध गरे बाहेकका प्रजातिका माछाहरु दफा ५ ले गरेको व्यवस्थामा प्रतिकुल नहुने गरी निम्न बमोजिम जलचर उपयोगको व्यवस्था गरिएको छ।

(१) नगरपालिकाले ७ दिनको सूचना प्रकाशन गरी जलचर उपयोग गर्न चाहेको व्यक्तिको लागी अनुसूची ३ बमोजिम सूचना प्रकाशन गर्नेछ।

(२) तोकिएको मिति भित्र अनुसूची ४ बमोजिमको निवेदन सहित आवश्यक कागजात र नगरपालिकाले तोकेको राजश्व तिरेको रसिद दर्ता गराएपछी आवश्यक छानबिन पश्चात अनुसूची ५ बमोजिमको जलचर उपयोग इजाजत पत्र प्रदान गर्नेछ। [ф]

## परिच्छेद-३

## कसुर तथा जरिवाना

**१३. कसुर :** कसैले देहायको कुनै कार्य गरेमा यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछ :-

(क) कुनै व्यक्तिले पनि कुनै खोला वा तालमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले त्यस्तो घरधुरीमा वा खोला वा तालमा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार ( करेण्ट), विष्फोट पदार्थ, विषालु पदार्थको प्रयोग गर्ने, तथा बहाव परिवर्तन गरेमा ।

(ख) खोलामा माछा र जलचर समात्ने अभिप्रायले जालको आँखाको साइज दुई दशमलव पाँच सेन्टिमिटर (पचीस मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) ठूलो प्वाल को जाल, चौथीं, माहाजाल र करेण्ट जाल जस्ता जाल प्रयोग गर्नेवा घन ठोक्ने कार्य गरेमा,

(ग) नदीनाला वा खोलामा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो आँखाको साइज र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) वा सो भन्दा ठुलो आँखाको साइज भएको जाल,चौथीं, माहाजाल र करेण्ट जाल (गिल नेट) वा मच्छर झुलप्रयोग गरेमा,

(घ) जलचर वा माछा संकलन गर्न, पक्रन वा मार्न वा अन्य कुनै प्रयोजनका लागि डोजर वा जेसिवी जस्ता मेशिनको प्रयोग गरी खोलाको धार परिवर्तन गरेमा,

(ङ) कसैले पनि जलचर समात्न वा मार्नका लागि जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) को जाल, चौथीं, माहाजाल वा करेण्ट जाल पैठारी वा खरिद बिक्री गरेमा,

(च) अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि खोला वा तालमा रहेको मत्स्य भऱ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोका थुनेमा वा भत्काएमा,

(छ) तोकिएका जातिका जलचरलाई कार्यपालिकाको इजाजत पत्र बेगर कुनै पनि व्यक्तिले समातेमा, मारेमा, चोट पूऱ्याएमा वा क्षति पूऱ्याएमा,

(ज) नगरपालिकको आदेशद्वारा तोकिएका ठाउँको सामुदायिक खोला वा तालमा कार्यपालिकाको इजाजत बेगर कुनै पनि व्यक्तिले जानी जानी जलचरहरु समात्न, मार्न वा चोट पुऱ्याउन नपाउने गरी जारी गरेको सूचनाको उलंघन गरेमा,

(झ) दफा ७ बमोजिम बाँध निर्माण वा सञ्चालन गर्ने निकायले मत्स्य भऱ्याङ्ग निर्माण नगरेमा वा जलचर हयाचरी वा जलचर नर्सरीको व्यवस्था नगरेमा,

(ञ) दफा ७ बमोजिम बाँध सञ्चालन गर्ने निकायले खोलाको प्रवाहको पन्ध्र देखि पच्चीस प्रतिशत न्यूनतम वातावरणिय बहाव कायम नगरेमा,

---

[ф] पहिलो संशोधनद्वारा थप ।

(ट) कुनै व्यक्ति, संस्था वा निकायले फोहरमैला वा दूषित पानी (लिचेट) वा ढल खोला वा तालमा चुहावट वा उत्सर्जन गरी खोला वा ताल प्रदूषित गरेमा,

(ठ) ताल तलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर खोला, खोलानालावा सार्वजनिक ताल, तलैया, पोखरी, दह वा सीमसारमा छाडेमा वा निस्कासन गरेमा,

(ड) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलिय वनस्पति र अन्य जलचरलाई समातेमा, मारेमा, चोट पुऱ्याएमा वा क्षतिपुऱ्याएमा ।

**१४. जरिवाना :**

(१) दफा १३ बमोजिम कसुर गरेमा कसुरको मात्रा हेरी रु पाँच हजार देखी एक लाख सम्म  जरिबाना लाग्ने छ, र कसैले कसुर दोहोर्याएमा वा पटक पटक कसुर गरेमा पहिलो पटकको जरिवानामा शत प्रतिशत जरिवाना थप गरि जरिवाना लाग्ने छ ।

(२) दफा १३ को खण्ड (ख),(ग),र (ङ) बमोजिमको कसूर गर्नेलाई पाँच हजार रुपैया देखि दश हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा दश हजार रुपैयाा देखि बिस हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि थप दश हजार रुपैयाँ जरिबाना हुनेछ ।

(३) दफा १३ को खण्ड (घ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भए दश हजार रुपैया देखि पन्ध्रहजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा विस हजार रुपैयाँदेखि पच्चिस हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि तिस हजार रुपैयाँ जरिबाना हुनेछ ।

(४) दफा १३ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई पचास हजार रुपैयाँदेखि तिन लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(५) दफा १३ को खण्ड (छ) र (ज) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक मा रु एक हजार देखि तीनहजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा तीनहजार रुपैयाँदेखि छ हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि नौ हजार रुपैयाा देखि पन्ध हजार रुपैयाँ सम्म जरिबाना हुनेछ ।

(६) दफा १३ को खण्ड (झ) बमोजिमको कसूर गर्नेलाई नेपाल सरकारसँग अनुमति लिई बाँध निर्माण गरेको अवस्थामा नेपाल सरकारसँग र गण्डकी सरकारबाट अनुमति प्राप्त गरी बाँध निर्माण गरेका भए प्रदेश सरकारसँग सो बाँध निर्माण गर्ने निकायलाई मत्स्य भऱ्याङ निर्माण गर्न वा हयाचरी वा जलचर नर्सरीको निर्माण गरी सञ्चालन गर्न पत्राचार गर्ने ।

(७) दफा १३ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक एक लाख, दोश्रो पटक तिन लाख, तेश्रो पटक नौ लाख र चौथो पटक समेत सो कसुर गरेमा उद्योगको अनुमति पत्र वा कम्पनीको दर्ता खारेज गर्न प्रदेश र संघीय सरकारसँग पहल गर्ने ।

(८) दफा १३ को खण्ड (ट) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक दुई हजार, दोश्रो पटक तीनहजार, तेश्रो पटक पाँच हजार र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दशहजार रुपैयाँका दरले जरिबाना हुनेछ ।

(९) दफा १३ को खण्ड (ठ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक पाँच हजार, दोश्रो पटक दशहजार, तेश्रो पटक बीसहजार र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पच्चीस हजार रुपैयाँका दरले जरिबाना हुनेछ ।

(१०) दफा १३ को खण्ड (ड) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक तिन हजार, दोश्रो पटक छ हजार, तेश्रो पटक नौ हजार र सोही कसूर चौथो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना हुनेछ ।

**१५. पुरस्कार दिने :**

(१) यस कार्यविधि विपरित कसूर हुन लागेको सुराक दिने वा अभियुक्त पक्राउ गर्न सहयोग गर्नेलाई कसुरदारलाई हुने जरिबानाको पच्चिस प्रतिशत पुरस्कार स्वरुप प्रदान गरिने छ ।

(२) उपदफा (१) को बमोजिमको सुराकीको नाम, थर, वतन गोप्य रहने छ ।

(३) जलचर तथा जलिय जैविक विविधताको संरक्षण र दिगो उपयोगमा उत्कृष्ट योगदान पुऱ्याउने समुहलाई कार्यपालिकाले आर्थिक पुरस्कार लगायत अन्य पुरस्कार दिन सक्नेछ ।

**१६. अनुसन्धान अधिकृत तोक्ने :** यस कार्यविधि बमोजिम सजाय हुने कसूरको अनुसन्धान गर्न नगरपालिकाले उपलब्ध भएसम्म अधिकृतस्तर नभए कम्तीमा पाँचौ तहको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृतको रुपमा तोक्न सक्नेछ ।

**१७. कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारीः** (१) यस कार्यविधि बमोजिम दण्ड जरिवाना गर्ने अधिकार स्थानीय कार्यपालिकालाई हुनेछ ।
(२) यस कार्यविधि बमोजिम कारवाही तथा दण्ड जरिवाना हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकृतले सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

**१८. प्रचलित कानून बमोजिम सजाय हुनेः** यस कार्यविधि अर्न्तगत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलति कानून बमोजिम मुद्दा चलाई कारवाही गर्न यस कार्यविधिमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**१९. पुनरावेदन दिन सकिने** : दफा १७ बमोजिम कार्यपालिकाको निर्णय उपर चित्त नबुझ्ने वा दफा ११ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**२०. जलचर र तत्सम्बन्धी औजार, माल वस्तु कब्जा गर्न सक्ने :**

(१) जलचर, जलीय जैविक विविधता,जलीयजैविक विविधताका अवयव, स्तनधारी जीव, घस्रने प्राणी, माछा, लगायत जलीय वनस्पति सम्बन्धमा यो कार्यविधि उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्तो जलचर, जलीय जैविक विविधता, जलीय जैविक विविधताका अवयव, स्तनधारी जीव, घस्रने प्राणी, माछा, लगायत जलीय वनस्पति र सो कसूरसँ ग सम्बन्धित औजार वा हतियारलाई नगरपालिकाका कर्मचारी वा प्रहरीले कब्जा गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम कब्जा गर्ने कर्मचारीले सो कब्जा गरिएको औजार, माल वस्तुको विवरण खोली कम्तीमा दुई जना व्यक्तिको रोहवरमा बरामदी मुचुल्का तयार गरी त्यस्तो मालमा खास चिन्ह लगाई नाप जाँच गरी सकभर चाँडो वडा कार्यालय वा नगरपालिकाको कार्यालयमा प्रतिवेदन र औजार पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४
## विविध

**२१. अधिकार प्रत्यायोजन :** नगरपालिकाले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, कार्यालय, कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२२. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२३. बचाउ :** यस कार्यविधिको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

अनुसूची -१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

सामुदायिक जलचर संरक्षण समूह / व्यतिले दर्ताको लागि दिइने निवेदन

श्री नगर प्रमुख ज्यू
गलकोट नगरकार्यपालिकाको कार्यालय,
गलकोट, बाग्लुङ ।

.................................

जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८० को व्यवस्था बमोजिम सामुदायिक जलचर संरक्षण समूहको गठन गरी उक्त समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छु / छौं । दर्ता गरी आवश्यक प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं ।

**निवेदकः**

..................          सामुदायिक जलचर संरक्षण समूह वा व्यक्तिको तर्फबाट

| क्र. सं. | नाम पद | दस्तखत |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |

मितिः-............................

अनुसूची -२
(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)
व्यक्ति वा समूह दर्ताको प्रमाणपत्रको नमूना
गलकोट नगर कार्यपालिकाको कार्यालय
बाग्लुङ, जिल्ला

दर्ता नं. :- मितिः-

**दर्ताको प्रमाणपत्र**

श्री.........................................सामुदायिक जलचर संरक्षण समूह
............................ ।

यस नगरपालिकाको मिति.......................... को निर्णय अनुसार जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८० ले दिएको अधिकार प्रयोग गरी .............. ....... .....सामुदायिक जलचर संरक्षण समूहलाई दर्ता गरी जलचर र जलीय जैविक विविधताको संरक्षण, दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्न सफलता मिलोस भन्ने शुभकामनाका साथ यो प्रमाणपत्र दिइएको छ ।

पालना गर्नुपर्ने विशेष शर्तहरुः
१.
२.
३.

..............................सामुदायिक जलचर संरक्षण समूहको विवरणः
सामुदायिक जलचर संरक्षणसमूहको क्षेत्र
घर धुरीको संख्याः-
कुल जनसंख्याः-
प्रमाणपत्र दिने अधिकृतको
नामः-
दर्जाः-
दस्तखतः-
मितिः-

**द्रष्टव्यः-** यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पांच सय रुपैंयाँ दस्तुर लाग्नेछ ।

अनुसूची ३[φ]

(दफा ३ को (क) सँग सम्बन्धित)
गलकोट नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
गलकोट, बागलुङ

**गण्डकीप्रदेश, नेपाल**

**प .सं.**
**सूचना नं .**

सूचना प्रकाशन मितिः २०...................

गौदी र दरमखोलामा माछा मार्न ईजाजत लिने सम्बन्धी अत्यान्त जरुरी सूचना।

गलकोट नगरपालिकाको जलचर संरक्षण कार्यविधि २०८० को परिच्छेद २(क) ले गरेको व्यवस्था बमोजिम यस नगरपालिकाका मुख्य खोलाहरु गौदी र दरमखोलामा माछा मार्न चाहने नागरिकले यस नगरपालिकाबाट ईजाजत प्राप्त गरेपछी मात्र पाईने व्यवस्था रहेकोले ईच्छुक व्यक्तिले सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र देहायका कागजात सहित अनुसूची ५ बमोजिमको निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**देहायः**

१ .अनुसूची ५ बमोजिमको निवेदन।

२नेपालि नागरिकताको प्रतिलिपि। .

३राजश्व जम्मा गरेको रसिद। .

४ .पासपोर्ट साईजको फोटो।

---

φ पहिलो संशोधनद्वारा थप ।

अनुसूची ४[ф]

(दफा ३ को (२) सँग सम्बन्धित)
जलचर उपयोगको ईजाजतको लागी नगरपालिकामा पेश गर्ने निवेदन।

मितिः

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू

श्री गलकोट नगरपालिका,नगरकार्यपालिकाको कार्यालय

गलकोट,बागलुङ।

बिषयः माछा मार्ने अनुमति पाउँ।

प्रस्तुत बिषयमा गल्कोट नगरपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि–२०८० बमोजिम मैले माछा मार्ने ईजाजत लिन ईच्छुक रहेकोले तपसिलमा उल्लेखित कागजातहरु सहितयो निवेदन पेश गरेको छु।

तपसिल

१ वडा कार्यालयको सिफारिस

२ राजश्व जम्मा गरेको .रसिद थान१-

३फोटो ३ प्रति .

४ अनुसूची ६ बमोजिमको स्व घोषणा १ प्रति

५ नेपाली नागरिकताको प्रतिलिपि

---

ф पहिलो संशोधनद्वारा थप ।

अनुसूची ५[ϕ]

(दफा ३ को (२) सँग सम्बन्धित)
स्वघोषणा

गल्कोट नगरपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि–२०८० बमोजिम मैले राजिखुसीले यो अनुमति पत्र लिएको हुँ। उक्त कार्यविधिको पूर्ण जानकार छु। इजाजत पत्र प्राप्त गरेपछी कार्यविधिले निषेधित गरेको कुनै पनि गैर कानुनी कार्य गर्ने छैन माछा मार्ने सिलसिलामा कुनै दुर्घटना भएमा म स्वयम् जिम्मेवार हुनेछु। अन्य कुनै निकायलाई दोषि जिम्मेवार हुने छैन। प्रचलित कानुनको उल्लङ्घन गरेमा कानून बमोजिम सजाय भोग्न तयार छु।

स्वघोषणा गर्नेको

नामः

ठेगानाः

हस्ताक्षरः

मोबाईल नं.

मितिः

साक्षीः

१. गलकोट नगरपालिका वडा नं... वस्ने वर्ष को ...................................
२.

---

ϕ पहिलो संशोधनद्वारा थप ।

अनुसूची–६[ɸ]
(दफा ३ को (२) सँग सम्बन्धित)

गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्कोट, बागलुङ
**गण्डकी प्रदेश, नेपाल**

फोन नं. ०६८ ४१२१११
फ्याक्स : ०६८ ४१२११०
galkotmunicipality@gmail.com
galkotmun.agnlivestock@gmail.com

**फोटो**

# जलचर उपयोग ईजाजत-पत्र

**दर्ता नं :** **दर्ता मिति**

श्री.......................
.......................... ।
तपाईलाई गलकोट नगरपालिकाको जलचर एंव जलीय जैविक विविधता संरक्षण कार्यविधि २०८० को बुदा नं. ३ (क) ले गरेको व्यवस्था बमोजिम यो ईजाजत पत्र प्रदान गरिएको छ। प्रचलित कानुनको अधिनमा रहि जलचर उपयोग गर्नुहोला, ईजाजत पत्र प्राप्त गर्नुभएकोमा बधाई छ।

..........................
प्रमाणित गर्ने
जलचर अनुसन्धान अधिकृत

नोटः प्रत्येक वर्षको कार्तिक मसान्त भित्र नवीकरण गर्नुपर्नेछ ।

---

ɸ पहिलो संशोधनद्वारा थप ।

| क्र.सं. | नविकरण मिति | | नविकरण गर्ने | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**आज्ञाले**

घनश्याम गौतम

प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८१/०८/२५